# आर्थिक ऐन, २०७५

# लुङ्ग्री गाउँपालिका

गाउँसभा बाट स्वीकृत मिति :- २०७५/०३/१६ गते

# लुङ्ग्री गाउँपालिकाको आर्थिक ऐन

## लुङ्ग्री गाउँपालिकाको अर्थ सम्वन्धी प्रस्तावनालाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना** :

लुङ्ग्री गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को अर्थ सम्वन्धी प्रस्तावलाइ कार्यन्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम लुङ्ग्री गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन पारित भएको मितिदेखि लुङ्ग्री गाउँपालिका क्षेत्रमा तुरुन्त लागू हुनेछ ।

**२. सम्पति कर** : गाउँपलिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमी कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसुचि (२) बमोजिम भूमी कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४. घर वहाल कर** : गाउँपलिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) वमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजगित लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर** : गाउापलिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजनतुको हाड, हिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **<u>सवारी साधन कर :</u>** गाउँपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. **<u>विज्ञापन कर :</u>** गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ।

९. **<u>पार्किङ शुल्क :</u>** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **<u>ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग र र्‍याफ्टीङ्ग शुल्क :</u>** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोषेकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसुचि (९) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ,

११. **<u>सेवा शुल्क, दस्तुर :</u>** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गाराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लागाइने र असूल उपर गरिनेछ।

१२. **<u>कर छुट :</u>** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएको व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

१३. **<u>कर तथा शुल्क संकलन सम्बन्धी</u>**: ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधी गाउँपालिकाले तोके अनुसार हुने छ।

# अनुसुचि (१)

**आर्थिक ऐन २०७५ दफा (२) संग सम्बन्धित,**
**नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम**

## लुङ्ग्री गाउपालिका क्षेत्रमा लाग्ने एकीकृत सम्पति करको दर

एकीकृत सम्पति करको लागि गाउपालिका भित्रका व्यक्तिहरुको एकीकृत सम्पति एकिन नभैसकेको आ.बा. २०७५/०७६ मा सो बारे अध्यन अनुसन्धान गरि आगामी आ.ब.को लागि आधार तय गर्ने ।

# अनुसुचि (२)

**आर्थिक ऐन २०७५ दफा (३) संग सम्बन्धित,**
**नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम**

## मालपोत तथा भूमिकर दर :

| क्र.सं. | विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | गाउपालिका भित्र सबै जग्गा | प्रति रोपनी | १० | |

**घरधुरी कर**

| क्र.सं. | विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | कच्चि घर | प्रति घर | १०० | |
| २ | पक्कि घर | प्रति घर | २०० | |

# अनुसुचि (३)

**आर्थिक ऐन २०७५ दफा (४) संग सम्बन्धित,**
**नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम**

## घरवहाल दर :

गाउपालिका क्षेत्र भित्र रहेका निजि घरहरु लगाए वापत घरबहाल रकमको १० प्रतिशतका दरले घरबहाल कर लाग्नेछ ।

| क्र.स. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | घरको नक्शा अभिलेख | ५ रूपैय प्रति वर्ग फिट | |
| २. | घर सम्पन्न सिफारिस | १००० रूपैया प्रति घर | |

# अनुसुचि (४)

**आर्थिक ऐन २०७५ दफा (४) संग सम्बन्धित,**
**नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम**

## व्यवसाय करका दरहरु :

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | पोल्ट्री फर्म, माछापालन, माहुरी, पशुपालन | १००० | |
| २ | काठ फर्निचर, स्टिल फर्निचर, ग्रिल उध्धोग, ग्यास वल्डिंग | १५०० | |
| ३ | अगरबत्ती, ममबत्ति, दालमोठ, पुडीयाघर | ५०० | |
| ४ | पाउरोटी, चाउमिन, आइसक्रिम, डेरी, दाना | ५०० | |
| ५ | मदिराखुद्रा पसल | १००० | |
| ६ | गरगहना पसल | १५०० | |
| ७ | हार्ड वयर पसल | १५०० | |
| ८ | इलेक्ट्रिकलखुद्र | ७०० | |
| ९ | पेट्रोलियम पदार्थ | १५०० | |
| १० | तरकारी पसल | २५० | |
| ११ | तामा उधोग/कपास उधोग | ५०० | |
| १२ | खुकुरी/बाकस | ३०० | |
| १३ | कपडा पसल तथा फेन्सी | १००० | |
| १४ | मोटल साइकल मर्मत ग्यारेज | ५०० | |
| १५ | प्लाईउड, सिसा, कार्पेट, फ्रेम, पेन्टर्स | ५०० | |
| १६ | डेकोरेट, स्टिल, काठ | ५०० | |
| १७ | होटल लज गेष्ट हाउस र रेस्टुरेन्ट | १५०० | |
| १८ | अन्यसाना होटल | ५०० | |
| १९ | मिठाई तथा नास्ता पसल, चाट तथा चटपटे | ५०० | |
| २० | छापाखाना | ५०० | |
| २१ | कलरल्याब, स्क्रिन प्रिन्ट तथा फ्लेक्स प्रिन्ट | १००० | |
| २२ | बाणिज्य बेंक | ३००० | |
| २३ | विकास बैंक | ३००० | |
| २४ | फाईनान्स, वित्तीयसंथा | १००० | |
| २५ | सहकारी संथा बचत /ऋण | १००० | |
| २६ | बिमा कम्पनि | १००० | |
| २७ | मनित्रंफ़र | १००० | |
| २८ | निजि अस्पताल | १००० | |
| २९ | जुत्ता, चप्पलमर्मत पसल | १०० | |
| ३० | सिलाइ बुनाई तथा टेलर्स | ५०० | |
| ३१ | ब्युटीपार्लर तथा हेयर कटिंग | ५०० | |
| ३२ | साइनबोर्ड पेंटिंग | २०० | |
| ३३ | फोटो स्टुडियो | ३०० | |
| ३४ | ट्रांपोर्ट ढुवानी सेवा व्यावसाय कर | ६०० | |
| ३५ | कुटानी पिसानी मिल | १००० | |
| ३६ | औषधि पसल खुद्रा | १००० | |
| ३७ | फ्रेस हाउस तथा मासु पसल | १००० | |

| | | | |
|---|---|---|---|
| ३८ | एग्रोभेट | ४०० | |
| ३९ | भाडा पसल | १००० | |
| ४० | मोटर पाट्स बिक्रि पसल | १००० | |
| ४१ | कवाडी | ५०० | |
| ४२ | पुस्तक तथा स्टेशनरी | १००० | |
| ४३ | चस्मा पसल | ५०० | |
| ४४ | मोबाइल पसल | १००० | |
| ४५ | ग्यास सिलिन्डर बिक्रि | १००० | |
| ४६ | तरकारी तथा फलफुल पसल | ३०० | |
| ४७ | सोलार सम्बन्धि पसल | ५०० | |
| ४८ | इन्जिनियरिङ् तथा कन्सलटेंसीसेवा | १००० | |
| ४९ | कम्प्युटर तथा टिभी पसल | १५०० | |
| ५० | डिलर फर्म | १००० | |
| ५१ | किराना पासक थोक | १००० | |
| ५२ | किराना पसल खुद्रा | ५०० | |
| ५३ | किराना पसल ढेब्री | ३०० | |
| ५४ | घुमुवा ब्यापारी (१ हप्ता सम्मको लागि) | १००० | |
| ५५ | मदिरा पसल डिलर | २००० | |
| ५६ | इलेक्ट्रिकल्स, इलेक्ट्रिक | १००० | |
| ५७ | केबुल नेटवर्क | १००० | |
| ५८ | जादु सकेस अनुमति | ५०० | |
| ५९ | गाडीमागरिनेघुम्ती ब्यापार (प्रति ट्रीप) | २०० | |
| ६० | जग्गा व्यवसाय | २००० | |
| | अनुसन्धानकर्ता, परामर्श तथा कन्सल्टेन्सी | १००० | |
| **६३** | **निर्माण व्यवसायी गाउपालिकामा प्रधान कार्यालय भएको** | | |
| ६३.१ | क वर्ग | २५००० | |
| ६३.२ | ख वर्ग | १५००० | |
| ६३.३ | ग वर्ग | १०००० | |
| ६३.४ | घवर्ग | ५००० | |
| ६४ | माथिको वर्गीकरणमा समावेश नभएका सेवा व्यवसाय | ५००देखि १००० | |
| ६५ | खसी, बोका, बाख्रा | २०० रुपैया प्रति गोटा | आयात कर |
| ६६ | कुखुरा, हास | ५ रुपैया प्रति के.जी | आयात कर |
| ६७ | गाई, गोरु, राँगा , भैसी | ५०० रुपैया प्रति गोटा | आयात कर |

# अनुसुचि (५)

**आर्थिक ऐन २०७५ दफा (५) संग सम्बन्धित,**

**नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम**

# जडीबुटी , कवाडी र जिबजन्तु कर :

| क्र.सं. | विवरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | ऊन (प्राकृतिक तथा कृतिम) | के.जी | १ | |
| २ | खोटो | के.जी | ५ | |
| ३ | काठचाँप आदि गोलिया | प्रति क्यु फिट | २० | |
| ४ | काठचाँप आदि चिरान | प्रति क्यु फिट | १० | |
| ५ | कुकाठ, सिमल, सल्ला आदि गोलिया | प्रति क्यु फिट | १० | |
| ६ | कुकाठ, सिमल, सल्ला आदि चिरान | प्रति क्यु फिट | ५ | |
| ७ | दाउरा | प्रति ट्याक्टर | ५०० | |
| ८ | धातुका टुक्रा | प्रति के.जी | ५ | |
| ९ | फलाम | प्रति के.जी | १ | |
| १० | सिलेट घर छोवाउने ढुंगा (निजि जग्गाको ) | प्रति घर | ५०० | |
| ११ | सिलेट घर छोवाउने ढुंगा (सार्बजनिक जग्गाको ) | प्रति घर | १००० | |
| १२ | टिमुर | प्रति के.जी | ५ | |
| १३ | दालचिनी पात | प्रति के.जी | १ | |
| १४ | दालाचिनिको बोक्रा | प्रति के.जी | २ | |
| १५ | अन्यजडिबुटी | प्रति के.जी | ५ | |
| १६ | ढुंगा, बालुवा, गिट्टी | प्रति ट्याक्टर | २०० | |

# अनुसुचि (६)

**आर्थिक ऐन २०७५ दफा (५) संग सम्बन्धित,**
**नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम**

# सवारी साधन कर :

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रक, लरी रहेभी गाडी | ६००० | **बार्षिक** |
| २ | भाडाका कार, जीप | ६००० | **बार्षिक** |
| ३ | मिनी बस, मिनी ट्रक | ६००० | **बार्षिक** |
| ४ | डोजर, स्काइभेटर | १२००० | **बार्षिक** |
| ५ | सानो जेसिबी | ६००० | **बार्षिक** |
| ६ | मोटरसाइकल, स्कुटी | ६०० | **बार्षिक** |

| | | | |
|---|---|---|---|
| ७ | ट्याक्टर | ६००० | **बार्षिक** |
| ८ | टिप्पर ठुलो | १००० | **प्रति महिना** |
| ९ | बाहिरि गाडी | २०० | **प्रतिट्रीप** |

# अनुसुचि (७)

**आर्थिक ऐन २०७५ दफा (७) संग सम्बन्धित,**
**नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम**

## बिज्ञापन कर :

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | ब्यापारिक बिज्ञापनको भित्ते लेखन | वर्ग फिट | ३ रुपैया |
| २ | सरकारी सार्वजनिक स्थल तथा निजि भवनमा राखिने बोर्ड | वर्ग फिट | १० रुपैया |
| ३ | ब्यानर तथा फ्लेक्स प्रिन्ट ५० वर्ग फिट सम्म व्यापारिक बिज्ञापन | दिन | १० रुपैया |
| ४ | स्टेज प्रोग्रामबाट गरिने बिज्ञापन | दिन | ३०० रुपैया |

# अनुसुचि (८)

**आर्थिक ऐन २०७५ दफा (८) संग सम्बन्धित,**
**नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम**

## पार्किंङ शुल्क :

लुङ्ग्री गाउपालिका भित्रव्यवस्थितपार्किङ क्षेत्रनहुदासम्मकोलागियसआ.ब. २०७५/०७५कोलागिपार्किङ शुल्ककायमनगर्ने।

# अनुसुचि (९)

**आर्थिक ऐन २०७५ दफा (९) संग सम्बन्धित,**
**नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम**

## ट्रेकिङ,कोयोकिड,क्यानोइङ्ग,बन्जी जम्पिंग,जिपफलायर ररयापटिङ्ग शुल्क :

लुङ्ग्री गाउपालिका भित्र यस आ.ब. २०७५/०७६ को लागि ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिंग, जिपफलायर ररयापटिङ्ग शुल्क कायम नगर्ने ।

# अनुसुचि (१०)

**आर्थिक ऐन २०७५ दफा (१०) संग सम्बन्धित,**
**नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम**

## सेवा शुल्क दस्तुर :

| क्र.सं. | सिफारिस दस्तुर | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | मठमन्दिर, पाटि पौवा, ध्वन्द पिडित, दैबी प्रकोप पिडित, असहाय, अपाङ्गता | निशुल्क | |
| २ | बकसपत्र, अन्शावंडा | ५०० | |
| ३ | चार किल्ला/घर बाटो प्रमाणित सिफारिस | २०० | |
| ४ | नाता प्रमाणित अंग्रेजी भाषामा | ५०० | |
| ५ | नाता प्रमाणित नेपाली भाषामा | २०० | |
| ६ | घर कायम पक्कि घर | १००० | |
| ७ | घर कायम कच्चि घर | ५०० | |
| ८ | मिलापत्रदस्तुर दुवै पक्षबाट | ५०० | |
| ९ | स्थायी बसोबास सिफारिस | ५०० | |
| १० | अस्थायी बसोबास सिफारिस | २०० | |
| ११ | टेलीफोन सिफारिस | ३०० | |
| १२ | संघ संथा दर्ता सिफारिस | १००० | |
| १३ | संघ संथा नबिकरण सिफारिस | ५०० | |
| १४ | साल, सिसौ, खयर कटानको लागि सिफारिस प्रति बोट | ३०० | |
| १५ | अन्य काठ कटानको लागि सिफारिस प्रति बोट | २०० | |
| १६ | अंगिकृत नागरिकता सिफारिस | ५०० | |
| १७ | नेपाली नागरिकता सिफारिस (प्रतिलिपि समेत) | २०० | |
| १८ | छुट जग्गा दर्ता सिफारिस प्रति रोपनी | २०० | |
| १९ | घरको ताला खुलाउने दस्तुर | ३०० | |
| २० | व्यवसाय लागत कट्टा सिफारिस | २०० | |
| २१ | मोठश्रेस्ता सिफारिस | २०० | |
| २२ | उधोग नामसारी / ठाउँ सारी | ४०० | |
| २३ | व्यवसाय नामसारी / ठाउँ सारी | ३०० | |
| २४ | व्यक्तिगत घटना दर्ताजरिवाना (प्रतिलिपि सहित) | २०० | |
| २५ | स्वदेशको लागि पेन्सन नामसारी | २०० | |
| २६ | बेदेशको लागि पेन्सन नामसारी | ४०० | |
| २७ | घर जग्गा नामसारी सर्जमिन समेत | ४०० | |
| २८ | क श्रेणी ठेक्का लाइसेन्सको सिफारिस | २००० | |
| २९ | ख श्रेणी ठेक्का लाइसेन्सको सिफारिस | १५०० | |
| ३० | ग श्रेणी ठेक्का लाइसेन्सको सिफारिस | १००० | |
| ३१ | घ श्रेणी ठेक्का लाइसेन्सको सिफारिस | ५०० | |
| **३२** | **निजि बिधालय दर्ता नया** | | |
| ३२.१ | आधारभूत शिक्षा | २५००० | |
| **३३** | **निजि बिधालय कक्षा थप** | | |

| | | | |
|---|---|---|---|
| ३३.१ | आधारभूत तह | १०००० | |
| ३३.२ | मा.बि. | २०००० | |
| **३४** | **सरकारी बिधालय तर्फ सिफारिस नया तथा कक्षा थप** | | |
| ३४.१ | आधारभूत शिक्षा | ५००० | |
| ३४.२ | मा.बि. | १०००० | |
| **३५** | **बिधुत सिफारिस** | | |
| ३५.१ | उधोग | ५०० | |
| ३५.२ | घरायसी | २०० | |
| ३५.३ | घर, जग्गा, सम्पत्ति मूल्यांकन | ०.०५ | प्रतिशतमा |
| ३५.४ | घडेरी प्लाटिङ्गमा बाटो कायम सिफारिस | २००० | |
| ३५.५ | उधोग दर्ता सिफारिस | ५०० | |
| **३६** | **नेपाली भाषामा प्रमाणित/सिफारिस** | | |
| ३६.१ | जन्ममितिप्रमाणित | २०० | |
| ३६.२ | विवाहित/अविवाहित प्रमाणित | २०० | |
| ३६.३ | ठेगाना, नामफरक, चालचलन प्रमाणित | २०० | |
| ३६.४ | जात जाति | २०० | |
| ३६.५ | नखुलेका अन्य | २०० | |
| **३७** | **अंग्रेजी भाषा प्रमाणित/सिफारिस** | ५०० | |
| ३७.१ | जन्म मिति प्रमाणित | १२०० | |
| ३७.२ | विवाहित/अविवाहित प्रमाणित | १२०० | |
| ३७.३ | ठेगाना, नामफरक, चालचलन प्रमाणित | १२०० | |
| ३७.४ | जनजाति | १२०० | |
| ३७.५ | नखुलेका अन्य | १२०० | |